बैठक क्र.नं. ४

आज मिति २०८२।०२।२३ गते यस मेल्लेख गाउँपालिका विपद् व्यवस्थापन समितिका संयोजक एवम् गाउँपालिकाका अध्यक्ष श्री ज्वाल सिं साउदज्यूको संयोजकत्वमा विपद् व्यवस्थापनका सम्बन्धमा तपसिलको उपस्थितिमा बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरियो

उपस्थितिः

| क्र.स | नामथर | पद | समिति पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | ज्वाला सिं साउद | अध्क्षय | संयोजक | |
| २ | नृप बहादुर खड्का | उपाध्यक्ष | सदस्य | |
| ३ | हिक्मत बहादुर बुढा | प्र.प्र. अधिकृत | सदस्य | |
| ४ | महेश ठकुल्ला | वडा नं.८ (आर्थिक विकास समिति संयोजक ) | सदस्य | |
| ५ | दिल बहादुर धामी | वडा नं.१( पूर्वाधार विकास समिति संयोजक ) | सदस्य | |
| ६ | चंख आउजी | का.पा.सदस्य(वन वाताबरण विकास सयोजक ) | सदस्य | |
| ७ | चन्द्र बहादुर साउद | वडा नं.४( सामाजिक विकास समिति संयोजक) | सदस्य | |
| ८ | कुशल राज बुढा | वडा नं.२(सुशासन तथा विकास समिति संयोजक ) | सदस्य | |
| ९ | विरेन्द्र बहादुर खड्का | सामाजिक विकास शाखा | सदस्य | |
| १० | खडक बहादुर धामी | प्रविधिक शाखा | सदस्य | |
| ११ | विष्णु प्रसाद लामिछाने | मेल्लेख प्रहरी चौकी | सदस्य | |
| १२ | खकेन्द्र बहादुर साउद | नेपाली कांग्रेस | सदस्य | |
| १३ | सुरेन्द्र बहादुर साउद | नेकपा एमाले | सदस्य | |
| १४ | नारायण प्रसाद उपाध्याय | नेकपा मा.के. | सदस्य | |
| १५ | गोकुल बहादुर शाह | नेकपा ए. समाजवादी | सदस्य | |
| १६ | गंगा राम खत्री | ने. रे.सो. | सदस्य | |
| १७ | नरेन्द्र बहादुर खड्का | उद्योग वाणिज्य सं.स. | सदस्य | |
| १८ | भ्वान सिंह सार्की | गैसस स्थानीय प्रतिनिधी | सदस्य | |
| १९ | खम्म बहादुर खत्री | पत्रकार महासंघको स्थानीय प्रतिनिधी | सदस्य | |
| २० | नमराज बहादुर शाही | विपत् फोकल व्यक्ति वातावरण तथा विपद् व्यवस्थापन शाखा | सदस्य सचिव | |

उपस्थिति

१ प्रेम बहादुर मल्ल वडा अध्यक्ष वडा नं ८ नन्देगडा अध्यक्ष
२ तिलक बहादुर कडायत वडा अध्यक्ष वडा नं. ६ फोइरा देवी
३ रमा पोखरेल प्रा.स. जिल्ला शाखा
४ सावित्रा खड्का महिला सदस्य मेल्लेख ६
५. विकास ताउद सूचना प्र. अधिकृत मेल्लेख - ४
६. पार्वती साउद सामुदायिक उद्धारकर्ता मेल्लेख २
(७) जानकरा कु विक कार्यपालिका सदस्य ,, २
८) रूप ब. बुढा म स्वा.नी. स्वास्थ्य शाखा

प्रस्तावहरू

१. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धमा,
२. आपतकालिन कार्यसंचालन केन्द्र संचालन सम्बन्धमा,
३. विपद ~~प्रतिकार्य तथा~~ पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धमा,
४. वातावरण मैत्री स्थानीय रीति/स्थानीय शासन प्रारूप सम्बन्धमा,
५. विपद व्यवस्थापन कोषमा बजेट व्यवस्थापन सम्बन्धमा,
६. आकस्मिक सेवाहरूको पहुँचको समिक्षा प्रतिवेदन सम्बन्धमा,
७. वडा स्तरिय विपद व्यवस्थापन समितिको बैठक सम्बन्धमा,
८. मनसुन प्रतिकार्य कमाण्ड पोष्ट सम्बन्धमा,
९. विपद व्यवस्थापनमा परिचालन र सचेतना कार्यक्रम संचालन सम्बन्धमा,
१०. वडा तथा समुदायमा समावेशी विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन सम्बन्धमा,
११. बाढीपहिरो पिडित घरपरिवार व्यवस्थापन सम्बन्धमा,

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाले वर्षाको पानीले गर्दा तथा यस पटकको मनसुनको वर्षाले गर्दा हुनसक्ने सम्भाव्य क्षतिलाई जोखिमलाई न्यूनीकरण गर्न मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने र उक्त योजनाको लागि जिल्ला रेडक्रस सोसाइटी अध्यक्षमालाई निर्माणका लागि अनुरोध गर्ने निर्णय गरियो।

— — — — — — — — —

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाको विपद् व्यवस्थापन एवम् जोखिम न्यूनीकरण गर्न नीतिगत रूपमा आपतकालिन कार्यसंचालन केन्द्र संचालन कार्यविधि तर्जुमा एवम् स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने साथै आपतकालिन कार्यसंचालन केन्द्र स्थापना तत्काल गर्ने निर्णय गरियो। साथै केन्द्रमा आवश्यक विपद् उद्धार सामाग्रीहरु तयारी अवस्थामा राख्ने र केन्द्रमा विपद् व्यवस्थापन शाखा प्रमुख यमराज शाहीलाई केन्द्र प्रमुखको जिम्मेवारी दिने र नियमित सम्पर्कका लागि लाल बहादुर चदारालाई जिम्मेवारी दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा पर मेल्लेख गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नका लागि गाउँकार्यपालिका निर्णयका लागि पेश गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाको वातावरणमैत्री स्थानीय नीति एवम् स्थानीय शासन प्रारूप तर्जुमा गर्नका लागि गाउँ कार्यपालिकामा निर्णय गर्न पेश गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा आ.व. ०८१/०८२ को बजेट बाट विनियोजन भएको रकमका लागि विपद् व्यवस्थापन कोषको छुट्टै खाता संचालन गरी संचालकको रूपमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको नाममा संयुक्त दस्तखतमा सञ्चालन गर्ने र आगामी आव.का लागि विपद् व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आकस्मिक सेवाहरुको पहुँचको अवस्थालाई समीक्षा गर्दा सेवाप्रवाह र त्यसको पहुँचलाई अझ सुधार र सबलीकरण गर्न त्यसका लागि आकस्मिक सेवाहरुको पहुँचको समीक्षा- प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाका वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई विपद् जोखिम-

न्यूनीकरणमा सक्रिय रूपमा परिचालित हुने र वडा विपद् व्यवस्थापन समितिको बैठक मिति २०८१।०४।२६ गते भित्र अनिवार्य बसी पालिकामा त्यसको जानकारी दिन भन्ने निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न देहायको मनसुन प्रतिकार्य कमाण्ड पोष्ट समिति गठन गर्ने निर्णय गरियो।

१. संयोजक - हिम्मत बहादुर बुढा (प्र.प्र.अधिकृत)
२. सदस्य - खड्क बहादुर धामी (इन्जिनियर)
३. ,, - विरेन्द्र बहादुर खड्का (शिक्षा अधिकृत)
४. ,, - नृप बहादुर बुढा (अ.स्वा.नि.)
५. ,, - विष्णु प्रसाद लामिछाने (मेल्लेख प्रहरी चौकी प्रमुख)
६. ,, - गंगा राम खत्री (ने. रेडक्रस सोसाइटी)
७. सदस्य सचिव - नमराज बहादुर शाही (विपद् व्यवस्थापन शाखा)

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाभित्र हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा पालिकाका सम्पूर्ण टोल विकास संस्था, स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय र परिचालन गर्ने साथै विपद् स्वयम् सेवक र सामाजिक उद्धार कर्ता टोलीलाई विपद् जोखिम न्यूनीकरणमा पालिकाका सम्पूर्ण वडा, टोल, आधारभूत र माध्यमिक विद्यालयमा स्वयंसेवकका लागि परिचालन गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मेल्लेख गाउँपालिका अन्तरगतका सम्पूर्ण वडाहरूमा तथा समुदायमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र त्यसका लागि वडा विपद् व्यवस्थापन समितिलाई गठन गर्ने जिम्मेवारी दिने र त्यसको जानकारी गाउँपालिका विपद् व्यवस्थापन समितिमा दिनुपर्ने भनि निर्णय गरियो।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मेल्लेख गाउँपालिकाका जोखिमयुक्त बस्ती भएका घर परिवारलाई स्थानान्तरण गर्नका लागि निर्माण भएका सुरक्षित आवासहरूमा तुरुन्त स्थायी रूपमा बसोबास गर्न सहजीकरण गर्ने निर्णय गरियो।

[signatures]